# चौकीडाँडा समाज काठमाडौं

२०५४

## चौकीडाँडा समाज भोजपुरको २८औं साधारण सभामा प्रस्तुत आर्थिक प्रतिवेदन २०८३

आजको यस **२८औं** साधारणसभा समुद्घाटन समारोहमा सभापतित्व ग्रहण गरीरहनु भएका समाजका अध्यक्ष श्री जितेन्द्र राईज्यू, मन्चमा आसीन कार्यक्रमका प्रमुख अतिथीज्यू, विशिष्ट अतिथीज्यू, अतिथीज्यूहरु, समाजका सम्मानित सदस्यज्यूहरु, आजिवन सदस्यज्यूहरु सल्लाहकारज्यूहरु, कार्य समितिका पदाधिकारीज्यूहरु एवम् सदस्यज्यूहरु, समाजका अग्रज व्यक्तित्व वर्ग, यस सभामा उपस्थित सम्पूर्ण सज्जन वृन्दमा नमस्कार साथै हार्दिक नमन् व्यक्त गर्दछु । सर्वप्रथम गत भदौ १० गते भोटेकोशी हुँदै त्रिशुली नदीमा आएको अकल्पनिय बाढीले गरेको महाविनाशको कारण अहिले देश रोएको छ । देशसंगै हामी सबै रोएकाछौं । धेरै गुमाएकाछौं । गत १० गते रसुवा जिल्लाको भोटेकोशी हुँदै नुवाकोट त्रिशुली, नदीमा आएको अकल्पनिय बाढीमा परि ज्यान गुमाउनु भएका नेपाली दाजुभाई, दिदीवहिनी तथा विदेशी नागरिकहरु प्रति श्रद्धान्जली अर्पण एवम् शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै घाइते तथा अपाङ्गहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

**समाजको पृष्ठभूमी**: यस समाजका सम्मानित सदस्य तथा संस्थापक अध्यक्ष श्री सुरेन्द्र अधिकारीज्यूको नेतृत्वमा मिति : २०५४ फाल्गुण १८ गतेका दिन गठित **चौकीडाँडा समाज** भोजपुरको दर्ता नं ६१३ जि.प्रशासन कार्यालय काठमाण्डौमा दर्ता भई यस समाजले कोशी प्रदेश, जिल्ला भोजपुर पूर्वी पहाडको उत्तरी क्षेत्रमा अवस्थित साविक चौकीडांडा गा.वि.स.(**हाल साल्पासिलिछो गांउपालिका वार्ड नं ३**) र काठमाण्डौ उपत्यका लगायत देश विदेशमा रहनु भएका सम्पूर्ण चौकीडांडावासीलाई गोलवन्द गर्दै चौकीडांडाको विकासका लागी विशेषत शिक्षा, स्वास्थ्य एवम् खेलकुद सम्वन्धी विभिन्न कार्य योजना तय गरी कार्य सम्पन्न गर्दै आज २८औं साधारण सभामा प्रवेश गरेको छ । विशेषत: संस्थापक अध्यक्ष श्री सुरेन्द्र अधिकारीज्यू लगायतको टिमलाई हामिले आजको यस घडिमा विर्सन हुँदैन, तसर्थ संस्थागत र म कोषाध्यक्षको तर्फबाट पून: हार्दिक नमन् व्यक्त गर्दछु ।

यस समाजको २७औं साधारण सभा **२०८२ असोज ०४ गते शनिबार**का दिन काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २९ अनामनगर स्थित रहेको यूनियन हाउसको सभाहलमा भव्यताका साथ सम्पन्न भएको थियो । उक्त साधारणसभामा आ.व. २०८१/०८२ को संस्थागत प्रगति एवम् आर्थिक आय व्यय विवरण प्रस्तुत गर्नुको साथै उक्त आ.व.को प्रस्तुत आर्थिक आय–व्यय विवरण तथा विभिन्न मितिमा बसेको बैठकमा भएका निर्णय उपर गहन रुपमा छलफल भई अनुमोदन गरिएको थियो । उक्त दिनको सभाले महत्वपुर्ण विषयवस्तुहरुमा रायसुझाव सहित आ.व.२०८२ ०८३ को लागी कार्यक्रमहरु गर्न कार्यसमितिलाई निर्देशन गरेको थियो ।

समाजले गाँउको समग्र विकासका लागी चौकिडांडाबासीहरुमा शिक्षा प्रति अभिप्रेरित गराउदै आएको कुरा सम्पूर्ण महानुभावहरुमा सर्वविदितै छ । चौकीडांडा स्थीत विद्यालयहरुबाट पठनपाठन गर्ने जेहेन्दार तथा उत्कृष्ट छात्र छात्राहरुलाई दीर्घकालिन रुपमा छात्रवृति (शैक्षिक सहयोग) प्रदान गर्ने हेतुले समाजको विधान २०५४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी **शैक्षिक कोष संचालन नियम-२०६९** समेत तयार गरी प्रस्तुत विषयमा १७औं साधारण सभाबाट अनुमोदन भई लागू गरी सकेको छ । **शैक्षिक कोष नियम-२०६९** लागु भएपछि शैक्षिक कोष वापत समाजको पहल र प्रयासबाट शैक्षिक सहयोग गर्न आव्हान गरि संकलन कार्य सुरु गरियो र आर्थिक वर्ष २०६९।०७० देखि २०८२ ०८३ सम्मको रु. **५,०७,७१५।९०**(अक्षरुपी पाँच लाख सात हजार सात सय पन्ध पैसा नव्बे मात्र) रहेको र यस वर्ष समाजको र महले आर्थिक विवरणमा उल्लिखित वासलात तथा नगद प्रवाह २०८३ असार मसान्तसम्मको अभिलेखिकरण भएको लेखा हिसाव रु.**८,७९,४५०।९४** मध्ये रु.**५,०७,७१५।९० शैक्षिक कोष र रु ३,७१,७३५।०४** संस्थाको मूल पूजीको रुपमा रहेको जानकारी गराउंदछु ।

तसर्थ शैक्षिक कोष संचालनका लागी आर्थिक आवश्यकता नै जटिल हुने हुंदा शैक्षिक कोष सहयोगको लागी हार्दिक अनुरोध गर्दै समाजको स्थापना भएको मिति देखि आ.व.२०८२ ०८३ सम्ममा समाजको सम्मानित तथा आजिवन सदस्यता ग्रहण गर्नुहुने र शैक्षिक कोष संचालनको लागी शैक्षिक कोष, सहयोग गर्नु हुने व्यक्तित्वहरु तथा विभीन्न भैपरी आउने विपद्मा सहयोग गर्नु हुने संघ/संस्था एवम् समाज प्रेमी चन्दादाताहरुलाई समाज र म कोषाध्यक्षको तर्फबाट कृतज्ञताका साथ हार्दिक धन्यवाद ज्ञापन गर्दै अब यहांहरु समक्ष: आ.व.२०८२ ०८३ को वार्षिक आय-व्यय विवरण तथा आ.व.२०८३ ०८४ को लागि आय–व्यय लक्ष्य समेत प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

# चौकीडाँडा समाज काठमाडौं
## २०५४
## २०८२ श्रावण १ गते देखी २०८३ आषाढ मसान्त सम्मको वासलात

| विवरण | | अनुसुची | चालु वर्ष २०८२।०८३ | गत वर्ष २०८१।०८२ |
|---|---|---|---|---|
| क.स. | दायित्व | | | |
| १ | बचतकोष हिसाब | | ८,८५,५०६।३२ | ८,३८,३१८।८६ |
| २ | भुक्तानी दिनुपर्ने सापटी | १ | - | - |
| ३ | भुक्तानी दिनुपर्ने अन्य | २ | - | - |
| ४ | स.क्रे. कर | ३ | - | - |
| ५ | भुक्तानी दिनुपर्ने (लेखा परीक्षक) | ४ | १५,०००।०० | १५,०००।०० |
| ६ | असुल गर्न वांकि अन्य | ५ | - | - |
| जम्मा | | | ९,००,५०६।३२ | ८,५३,३१८।८६ |
| आय–व्यय यस वर्ष / गतवर्षको | | | -६,०५५।३८ | +४७,१८७।४६ |
| कुल जम्मा | | | ८,९४,४५०।९४ | ९,००,५०६।३२ |

| विवरण | | अनुसुची | चालु वर्ष २०८२।०८३ | गत वर्ष २०८१।०८२ |
|---|---|---|---|---|
| क.स. | सम्पत्ती | | | |
| १ | नगद मौज्दात | १ | १,००,०००।०० | ६,००,०००।०० |
| २ | वैक मौज्दात<br>रा.वा.वैक लिमिटेड<br>कृषि विकास वैक लिमिटेड | २ | <br>७,७२,०६८।६३<br>७,३८२।३१ | <br>२,७८,३१२।२२<br>७,१९४।१० |
| ३ | पेश्की तथा सापटी | ३ | १५,०००।०० | १५,०००।०० |
| ४ | पाउनु पर्ने अन्य हिसाव | ४ | - | - |
| ५ | स्थीर सम्पत्ती | | - | - |
| कूल जम्मा | | | ८,९४,४५०।९४ | ८,५८,५३८।८६ |

# चौकीडांडा समाज काठमाडौं

२०५४

## २०८२ श्रावण १ गते देखी २०८३ आषाढ मसान्त सम्मको आय–व्यय विवरण

### आम्दानी तर्फ

| क.सं. | आम्दानी विवरण | चालु आ.व. २०८२।०८३ | गत आ.व. २०८१।०८२ |
|---|---|---|---|
| १ | सदस्यता शुल्क | - | - |
| २ | आजिवन सदस्यता शुल्क | ६,०००।०० | ३,०००।०० |
| ३ | सम्मानीत सदस्यता शुल्क | - | - |
| ४ | सहयोग छात्रवृत्ति | - | - |
| ५ | आर्थिक सहयोग (संघ/संस्था) | - | - |
| ६ | बैक व्याज | ९,३३७।१७ | ११,८९२।१३ |
| ७ | अन्य आम्दानी (फुटकर) | - | - |
| ८ | दातावाट सहयोग (शैक्षिक कोष) | ७५,०००।०० | ६८,९३०।०० |
| | जम्मा आय: | ९०,३३७।१७ | ८३,८२२।१३ |

### खर्च तर्फ

| क.सं. | खर्च विवरण | चालु आ.व. २०८२।०८३ | गत आ.व. २०८१।०८२ |
|---|---|---|---|
| १ | छात्रवृत्ति | - | - |
| २ | आर्थिक सहयोग दैवि प्रकोप (भुकम्प) | - | - |
| ३ | औषधि उपचार / चन्दा सहयोग | - | - |
| ४ | नविकरण दस्तुर | १,४००।०० | २,४००।०० |
| ५ | लेखा परिक्षक शुल्क | १०,०००।०० | १०,०००।०० |
| ६ | टेलिफोन तार टिकट सञ्चार | १३,५००।०० | - |
| ७ | स्टेशनरी | ४,८१०।०० | १,६००।०० |
| ८ | फुटकर | २७,५५०।०० | १,६७०।०० |
| ९ | विज्ञापन शुभकामना | १०,०००।०० | - |
| १० | व्याज कर | १,३८२।५५ | १,७६४।६७ |
| ११ | बैठक, साधारणसभा | २६,२५०।०० | १७,७००।०० |
| १२ | आय कर (लेखा परिक्षक शुल्क) | १,५००।०० | १,५००।०० |
| १३ | सहयोग संघ संस्था | - | - |
| १४ | सम्मान तथा कदर-पत्र | - | - |
| | जम्मा व्यय: | ९६,३९२।५५ | ३६,६३४।६७ |
| | यस वर्ष / गतवर्षको वासलातमा सारेको | (-)६,०५५।३८ | +४७,१८७।४६ |
| | जम्मा | ९०,३३७।१७ | ८३,८२२।१३ |

# चौकीडांडा समाज काठमाडौं

२०५४

## वासलात अनुसार २०८३ आषाढ मसान्त सम्म

| सि.नं. | पुंजी तथा दायित्व अनुसुची | | चालू आ.व. २०८२/०८३ | गत आ.व. २०८१/०८२ |
|---|---|---|---|---|
| १ | (क) वचतकोष | | ८,८५,५०६।३२ | ८,३८,३१८।८६ |
| | (ख) यसवर्षको : | | (-)६,०५५।३८ | |
| | कुल जम्मा | | ८,७९,४५०।९४ | |
| २ | सम्पत्ती | | | |
| | स्थिर सम्पत्ती | | | |
| | चालु सम्पती | | | |
| | (क) पेश्कि तथा सापटि | १५,०००।०० | - | - |
| | (ख) नगद मौज्दात | १,००,०००।०० | - | - |
| | कुल जम्मा | १,१५,०००।०० | | |
| ३ | न्युन चालु दायित्व तथा व्यवस्था | | | |
| | (क) विविध साहु | | - | - |
| | (ख) लेखापरीक्षक शुल्क | | १५,०००।०० | |
| | (ग) खुद चालु सम्पत्ती | | ८,७९,४५०।९४ | |
| | कुल जम्मा | | ८,९४,४५०।९४ | ८,३८,३१८।८६ |

# चौकीडांडा समाज काठमाडौं

२०५४

## २०८३ आषाढ मसान्तको नगद प्रवाह विवरण

| | विवरण | आ.व.२०८२/०८३ | रकम |
|---|---|---|---|
| सि.नं. | **क.कार्य सञ्चालनबाट नगद प्राप्ति** | | ९०,३३७।१७ |
| १ | आजिवन सदस्यता शुल्क | ६,०००।-- | |
| २ | सम्मानित सदस्यता | - | |
| ३ | आर्थिक सहयोग संघ/संस्था | - | |
| ४ | बैंक व्याज | ९,३३७।१७ | |
| ५ | दाताबाट सहयोग (शैक्षिक कोष) | ७५,०००।-- | |
| ६ | फुटकर | - | |
| ७ | भैपरि आउने आर्थिक सहयोग | - | |
| | **ख. नगदको वाह्य प्रबाह** | | ९६,३९२।५५ |
| १ | औषधि उपचार/चन्दा सहयोग | - | |
| २ | नविकरण दस्तुर | १,४००।-- | |
| ३ | लेखा परिक्षण शुल्क | १०,०००।-- | |
| ४ | टेलिफोन तार टिकट सञ्चार | १३,५००।-- | |
| ५ | स्टेशनरी | ४,८१०।-- | |
| ६ | खर्च फुटकर | २७,५५०।-- | |
| ७ | विज्ञापन / शुभकामना | १०,०००।-- | |
| ८ | बैंक व्याज कर | १,३८२।५५ | |
| ९ | बैठक परिषद साधारणसभा | २६,२५०।-- | |
| १० | लेख रचना | - | |
| ११ | आय कर | १,५००।-- | - |
| १२ | आर्थिक सहयोग (संघ संस्था | - | - |
| १३ | सम्मान तथा कदरपत्र | - | - |
| | **कुल नगद** (क ख) | | (-) ६,०५५।३८ |
| | **गतवर्षको बैंक तथा नगद** | | ८,८५,५०६।३२ |
| | **यस वर्षसम्मको बैंक तथा नगद** | | ८,७९,४५०।९४ |

# चौकीडांडा समाज काठमाडौं

## २०५४

## वासलात अनुसार २०८३ असार मसान्त सम्म

**सम्पत्ति तर्फ :**

| सि.नं | शिर्षक | नामथर | रकम रु. | जम्मा . |
|---|---|---|---|---|
| १ | नगद मौज्दात (कर्जा लगानी) | श्री सुभाष अधिकारी | १,००,०००।०० | १,००,०००।०० |
| २ | बैंक मौज्दात | रा.वा. बैंक लि.<br>कृषि बिकाश बैंक लि. | ७,७२,०६८।६३<br>७,३८२।३१ | ७,७९,४५०।९४ |
| ४ | पेश्कि तथा सापटी (वैदेशिक रोजगार) | श्री टेक वहादुर वि.क. | १५,०००।– | १५,०००।०० |
| | जम्मा | | | ८,९४,४५०।९४ |

## आम्दानी तथा खर्च अनुसार २०८३ असार मसान्त सम्म

**आम्दानी तर्फ :**

| सि.नं | शिर्षक | नामथर | रकम रु. | जम्मा . |
|---|---|---|---|---|
| १ | आजीवन सदस्यता | श्री लक्ष्मी राई<br>श्री कुमार राई<br>श्री सिर्जना राई<br>श्री बालिका घले<br>श्री ज्ञानेन्द्र आधकारी<br>श्री इन्दिरा कार्की अधिकारी | १,०००।-<br>१,०००।-<br>१,०००।-<br>१,०००।-<br>१,०००।-<br>१,०००।- | ६,०००।- |
| २ | सम्मानीत सदस्यता | | - | - |
| ३ | बैंक ब्याज | रा.वा.बैंक लि.<br>कृषि बिकास बैंक लि. | ९,१३६।९६<br>२००।२१ | ९,३३७।१७ |
| ४ | अन्य ब्याज (लगानीबाट प्राप्त ब्याज रकम) | श्री रविन्द्र रोकाहा<br>श्री जितेन्द्र राई<br>श्री सुभाष अधिकारी<br>श्री सुदिप व. अधिकारी | ३०,०००।-<br>१५,०००।-<br>१५,०००।-<br>१५,०००।- | ७५,०००।- |
| ५ | अन्य - फुटकर | - | - | - |
| | जम्मा | | | ९०,३३७।१७ |

**खर्च तर्फ :**

| सि.नं | शिर्षक | नामथर | रकम रु. | जम्मा . |
|---|---|---|---|---|
| १ | औषधि उपचार सहयोग चन्दा | | - | - |
| २ | नविकरण दस्तुर | का.म.न.पा.१० नं.वडा कार्यालय<br>जि.प्रशासन कार्यालय काठमाडौं | ९००।-<br>५००।- | १,४००।- |
| ३ | लेखा परिक्षक शुल्क | ले.प.श्री मित्र प्रसाद शर्मा | १०,०००।- | १०,०००।- |
| ४ | टेलिफोन नारटिकट सञ्चार | वेव साइट सञ्चालन | १३,५००।- | १३,५००।- |
| ५ | स्टेशनरी | नविकरण तयारी | ४,८१०।- | ४,८१०।- |
| ६ | फुटकर | व्यानर समवेदनापत्र भलिवल नेट | २७,५५०।- | २७,५५०।- |
| ७ | विज्ञापन शुभकामना | शुभकामना | १०,०००।- | १०,०००।- |
| ८ | व्याज कर | रा.वा.बैंक लि<br>कृषि विकाश बैंक | १,३७०।५५<br>१२।-- | १,३८२।५५ |

| | | | | |
|---|---|---|---|---|
| ९ | बैठक/परिषद/साधारणसभा | वार्षिक साधारणसभा | २६,२५०।- | २६,२५०।- |
| १० | आय कर (ले.प.शुल्क) | राजश्व विभाग | १,५००।- | १,५००।- |
| | | जम्मा | | ९६,३९२।५५ |

## आ.व. २०८३।०८४ को आय व्यय लक्ष्य

**आम्दानी तर्फः**

| सि.नं | शिर्षक | रकम |
|---|---|---|
| १ | आजिवन सदस्य | १०,०००।– |
| २ | संघ/सस्था | १०,०००।– |
| ३ | बैक व्याज | ७,५००।– |
| ४ | अन्य व्याज | ७५,०००।– |
| ५ | आर्थिक सहयोग (शैक्षिक कोष तथा अन्य) | १०,०००।– |
| | जम्मा | १,१२,५००।– |

**खर्च तर्फः**

| सि.नं | शिर्षक | रकम |
|---|---|---|
| १ | नविकरण | २,५००।– |
| २ | लेखापरिक्षक शुल्क | १५,०००।– |
| ३ | टेलिफोन/तारटिकट/सञ्चार | ४,०००।– |
| ४ | विज्ञापन तथा सहयोग | ५,०००।– |
| ५ | स्टेशनरी | २,५००।– |
| ६ | व्याज कर | ४५०।– |
| ७ | जेहेन्दार तथा उत्कृष्ट प्रोत्साहन | १०,०००।– |
| ८ | वार्षिक साधारणसभा / परिषद् | ३०,०००।– |
| ९ | आय कर | १,५००।– |
| १० | भैपरी आउने खर्च | १०,०००।– |
| ११ | अन्य खर्च फुटकर (स्वागत एवं सम्मान) | १०,०००।– |
| १२ | आर्थिक सहयोग (दैवी प्रकोप,असक्त असहाय, औषधि उपचार तथा संघ/सस्था ) | १५,०००।– |
| | जम्मा | १,०५,९५०।– |

हालसम्मको अभिलेख अनुसार सम्मानित सदस्य संख्या :– ५

हालसम्मको अभिलेख अनुसार आजिवन सदस्य संख्या :–६२

आ.व २०८२।०८३ सम्मको लगानी र बैक मौज्दातमा जम्मा वचत हुन आएको कुल रकम रु. ८,९४,४५०।९४ र २०८३।०८४ मा प्रस्तावित लक्ष्यबाट बचत रु.६,५५०।-गरी बांकी रु.९,०१,०००।९४ वचत हुने देखिन्छ।

सभाका सभापति महोदय, मञ्चमा आसिन प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु एवम् सभासदज्यूहरु लगायत उपस्थित सबैमा हार्दिक अनुरोधको साथ विगत ७ ८ वर्ष अगाडि देखि नै विभिन्न प्राण घातक सरुवा रोग (कोभिड-१९) संक्रमित भाइरस, लामखुट्टेको टोकाईबाट लाग्ने डेङ्गी रोग साथै देशको विशेष परिस्थीतिका कारण भएका बन्द, हडताल एवम् आन्दोलनका कारण देशैभरी आतंकित साथै हरेक क्षेत्रमा सामाजिक तथा आर्थिक रुपमा प्रभावित बनाइरहेको अवस्था छ। गत भदौ १० गते भोटेकोशी हुंदै त्रिशुली

नदीमा आएको अकल्पनिय वाढीले गरेको महाविनाशका दुखद घटनाक्रमको कारण नेपालीहरुको महान चाड दशैं नजिकिदै गर्दा राज्य अहिले शोक र भग्नावशेषको प्रतिमूर्ति बनेको छ । यस दुखद घडिमा आर्थिक रुपमा प्रभावित अवस्थालाई मध्यनजर गर्दै यस चौकीडांडा समाजको कोषाध्यक्षको हैंसियतले समाजको कोषबाट ऋण सापटी लिएका व्याक्तिहरुलाई आ.व. २०८१।०८२ को साधारण-सभाबाट पारित १५ प्रतिशत व्याज दर आ.व. **२०८३/०८४** को लागी नियमित कायम् गर्न आजको यस सभा मार्फत निवेदन गर्दछु ।

सभाका सभापति महोदय, मञ्चमा आसिन प्रमुख अतिथिज्यू,अतिथिज्यूहरु एवम् सभासदज्यूहरु देश तथा विदेश राष्ट्रका विभिन्न भागमा बसोवास गर्दै आउनु भएका चौकीडांडा समाजका शुभचिन्तक, शुभेच्छुक दाजुभाई तथा दिदीबहिनीहरुलाई समाजको सम्मानित तथा आजिवन सदस्यता ग्रहण गरिदिनु हुन सादर अनुरोध गर्दछु । समाज अन्तर्गत सञ्चालन हुने **शैक्षिक कोष**को मौज्दात विकासको लागी आफ्नो क्षमता अनुसार आर्थिक सहयोग गरी दिनु हुन सादर अनुरोध गर्दछु । देशमा हुने द्धैवी प्रकोपहरु जस्तै भुकम्प, वाढी पहिरो, आगलागी, मौसमी प्रभावहरु लगायतले हुने धनजनको क्षतीमा आर्थिक सहयोग गर्नको लागी समेत यस चौकीडांडा समाज निरन्तर रुपमा लाग्ने छ । अत, आफ्नो क्षमता अनुसार आर्थिक सहयोग गरी दिनु हुन सादर अनुरोध सहित यस साधारण सभाले आवश्यक छलफलमा निर्णय गरी कार्य सञ्चालनमा सहयोग पु-याउनु हुनेछ र आर्थिक वर्ष २०८२।०८३ को वार्षिक आय–व्ययको प्रस्तुत विवरण यस सभाबाट अनुमोदन हुने विश्वास लिएको छु ।

देशमा उत्पन्न हुने विभिन्न घातक भाइरसहरुबाट सुरक्षित रहन हामी सवैले आ-आफ्नो तर्फबाट नेपाल सरकार एवम् स्वास्थ्य मन्त्रालयको आव्हानको पालना गर्दै सचेतनामूलक कार्य गर्ने गराउने तर्फ ध्यान दिन आवश्यक छ, भन्ने थप भनाई राख्दै यस समाजको २८औं साधारणसभा पूर्ण सफलताको लागी अमुल्य समयको बावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभई सकृय सहभागिता जनाई कार्यक्रमको शोभा बढाईदिनु भएकोमा सम्पूर्ण मान्यजन एवम् सभामा उपस्थित सवैमा पून: नमन गर्दै यस समाजको साधारणसभाका लागी हल साथै आवश्यक भौतिक स्रोत साधन का.म.न.पा. २९ मा रहको डालो रेष्टुरेन्ट अनामनगर, काठमाडौंबाट उपलब्ध भएको छ । हल उपलब्ध गराई सहयोग पु-याउनु हुने यस डालो रेष्टुरेन्ट अनामनगर परिवारमा सिङ्गो समाजको तर्फबाट र म कोषाध्यक्षको तर्फबाट हार्दिक कृतज्ञताका साथ धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा गत १० गते रसुवा जिल्लाको भोटेकोशी हुँदै नुवाकोट त्रिशुली, नदीमा आएको अकर्ल्पनिय वाढीमा परि ज्यान गुमाउनु भएका नेपाली दाजुभाई, दिदीवहिनी तथा विदेशी नागरिकहरु प्रति पुन श्रद्धान्जली अर्पण एवम् शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै घाईते तथा अपाङ्गहरुको शिघ्र स्वास्थ्यलाभको कामना सहित मेरो भनाई अन्त्य गर्दै विदा हुन्छु ।

धन्यवाद,
प्रस्तुतकर्ता: कोषाध्यक्ष सुदिप अधिकारी
मिति: २०८३ भदौ २० गते शनिबार ।